# [*]प्रहरी सेवाको गठन, संचालन र सेवाका शर्तहरुको व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** नेपाल अधिराज्यमा शान्ति सुव्यवस्था कायम राख्न प्रहरी सेवालाई बढी सुदृढ, सक्षम, सेवामूलक र उत्तरदायी बनाई जनताको जीउ, धनको सुरक्षा गर्न, अपराध नियन्त्रण तथा अनुसन्धान गर्न नेपाल प्रहरी सेवाको गठन र संचालन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव**को शासनकालको तेस्रो वर्षमा संसद्ले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"प्रहरी ऐन, २०६०"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रहरी सेवा" भन्नाले दफा ३ बमोजिम गठित नेपाल प्रहरी सेवा सम्झनु पर्छ।

(ख) "प्रहरी" भन्नाले यस ऐन अन्तरगत प्रहरी सेवामा नियुक्त व्यक्ति सम्झनु पर्छ।

(ग) "प्रहरी कर्मचारी" भन्नाले प्रहरी सेवाको पदमा बहाल रहेका व्यक्ति सम्झनु पर्छ।

(घ) "राजपत्राङ्कित अधिकृत" भन्नाले प्रहरी निरीक्षक र सो भन्दा माथिको अधिकृत सम्झनु पर्छ।

(ङ) "आयोग" भन्नाले दफा ११ बमोजिम गठित प्रहरी सेवा आयोग सम्झनु पर्छ।

(च) "प्रहरी अधिकृत" भन्नाले प्रहरी सहायक निरीक्षक र सोभन्दा माथिका प्रहरी अधिकृतलाई सम्झनु पर्छ।

(छ) "जवान" भन्नाले प्रहरी हवल्दार, प्रहरी जवान र परिचर सम्झनु पर्छ।

[*] आयोगले २०६० मा सरकारमा पेश गरेको मसौदा।

नेपाल कानून आयोग

(ज) "परिवार" भन्नाले प्रहरी कर्मचारीसंग वस्ने तथा निज आफैले पालनपोषण गर्नु पर्ने पति, पत्नी, छोरा, छोरा बुहारी, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, वावु, आमा वा सौतेनी आमा सम्झनु पर्दछ र सो शब्दले पुरुष कर्मचारीको हकमा निजका बाजे, बज्यै तथा बिवाहित महिला कर्मचारीको हकमा निजका सासु, ससुरा समेतलाई जनाउँछ।

(झ) "कार्यालय प्रमुख" भन्नाले तोकिएको कार्यालयको प्रमुख कर्मचारी सम्झनु पर्छ।

(ञ) "विशेषज्ञ पद" भन्नाले विशेष प्रकृतिको काम, कर्तव्य र उत्तरदायित्व भएको विशेष योग्यता चाहिने पद सम्झनु पर्छ।

(ट) "अख्तियारवाला" भन्नाले दफा १४ बमोजिम नियुक्ति गर्ने अधिकारी सम्झनु पर्छ।

(ठ) "तोकिएको " वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तरगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद - २

## प्रहरी सेवाको गठन, रेखदेख र नियन्त्रण

३. **प्रहरी सेवाको गठनः** (१) नेपाल अधिराज्यको लागि श्री ५ को सरकार, गृह मन्त्रालय अन्तरगत एक नेपाल प्रहरी सेवाको गठन गरिएकोछ।

(२) प्रहरी महानिरीक्षक प्रहरी सेवाको प्रमुख कार्यकारी अधिकृत हुनेछ।

(३) प्रहरी सेवामा रहने प्रहरी कर्मचारीको संख्या श्री ५ को सरकारले तोकिदिए बमोजिम हुनेछ।

(४) श्री ५ को सरकारले आवश्यकता अनुसार प्रहरी कार्यालयको स्थापना गर्न सक्नेछ। त्यस्तो कार्यालयको कार्यालय प्रमुख र अन्य प्रहरी कर्मचारीहरुको पद र संख्या तोकिए बमोजिम हुनेछ।

४. **श्रेणी**: प्रहरी सेवामा देहाय बमोजिमका श्रेणीहरु रहनेछन्:-

(क) **राजपत्राङ्कित** -

बिशिष्ट श्रेणी

प्रथम श्रेणी

द्वितीय श्रेणी

तृतीय श्रेणी

(ख) **राजपत्र अनङ्कित** -

प्रथम श्रेणी

द्वितीय श्रेणी

तृतीय श्रेणी

चतुर्थ श्रेणी

श्रेणी विहीन

५. **प्रहरी सेवाका पदहरु**: (१) प्रहरी सेवाका बिभिन्न श्रेणीहरुमा तोकिए बमोजिम बिभिन्न तहका प्रशासनिक, प्राविधिक तथा विशेषज्ञ पदहरु रहनेछन् ।

(२) उपदफा (१) मा लेखिए देखी बाहेक प्रहरी सेवामा तोकिए बमोजिम श्रेणी विहीन पदहरु रहने छन् ।

(३) प्रहरी सेवामा प्रत्येक पदको प्रहरी कर्मचारीको कार्य विवरण बनाई राख्नु पर्नेछ र त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

६. **समूह तथा उप समूह**: (१) प्रहरी सेवामा तोकिए बमोजिमका बिभिन्न समूह तथा उपसमूहहरु रहन सक्नेछन् ।

(२) प्रहरी सेवाको विभिन्न समूह तथा उपसमूहहरुमा तोकिए बमोजिमका पदहरू रहनेछन् ।

(३) प्रहरी सेवाका समूह तथा उप–समूहहरुमा रहने विभिन्न पदहरुको लागि चाहिने न्यूनतम योग्यता तोकिए बमोजिम हुनेछ।

७. **रेखदेख नियन्त्रण र निर्देशन**: (१) नेपाल प्रहरीको रेखदेख गर्ने, नियन्त्रण गर्ने, निर्देशन दिने र परिचालन गर्ने अधिकार श्री ५ को सरकारलाई हुनेछ।

(२) क्षेत्रीय तथा जिल्लाको शान्ति सुव्यवस्था सम्बन्धी कार्यमा सम्वन्धित प्रहरी कर्मचारीहरु क्षेत्रीय प्रशासक र प्रमुख जिल्ला अधिकारीको प्रत्यक्ष रेखदेख, नियन्त्रण र निर्देशनमा रहनेछन् र सो सम्बन्धमा क्षेत्रीय प्रशासक र प्रमुख जिल्ला अधिकारीले दिएको आदेश र निर्देशन पालन गरी परिचालित हुनु सम्वन्धित प्रहरी कर्मचारीहरुको कर्तव्य हुनेछ।

८. **प्रहरी सेवाको प्रशासन**: प्रहरी सेवाको प्रशासन यो ऐन र यस ऐन अन्तरगत वनेको नियम तथा अन्य प्रचलित कानून र श्री ५ को सरकारले समय समयमा दिएको निर्देशनको अधिनमा रही प्रहरी महानिरीक्षक तथा अन्य प्रहरी अधिकृतबाट हुनेछ।

## परिच्छेद -३

## प्रहरी सेवाको पदपूर्ति

९. **प्रहरी सेवाको पदपूर्ति**: (१) प्रहरी सेवाको देहायको पद देहाय बमोजिम पूर्ति हुनेछः-

| | पद | खुला प्रतियोगिताद्वारा | बढुवाद्वारा |
|---|---|---|---|
| (क) | प्रहरी जवान | १०० % | – |
| (ख) | प्रहरी हवल्दार | - | १०० % |
| (ग) | प्रहरी सहायक निरीक्षक | २५ % | ७५ % |
| (घ) | प्रहरी नायव निरीक्षक | - | १०० % |
| (ङ) | प्रहरी निरीक्षक | ६० % | ४० % |
| (च) | प्रहरी नायव उपरीक्षक र सो भन्दा माथिका सम्पूर्ण पदहरु | - | १०० % |

(२) विशेषज्ञ पदहरु तथा श्रेणी विहिन पदहरु तोकिए बमोजिम पूर्ति गरिनेछ ।

१०. **आयोगको सिफारिशमा नियुक्ति हुने**: प्रहरी सेवाका खुल्ला प्रतियोगिताबाट पूर्ति गर्नु पर्ने पदमा आयोगको सिफारिशको आधारमा मात्र नियुक्ति गरिनेछ ।

११. **प्रहरी सेवा आयोग**: (१) प्रहरी सेवाको खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा नियुक्तिका लागि अख्तियारवाला समक्ष सिफारिश गर्न देहाय बमोजिमको अध्यक्ष तथा सदस्यहरु रहेको प्रहरी सेवा आयोगको गठन हुनेछः-

(क) लोक सेवा आयोगको अध्यक्ष हुन योग्यता पुगेका व्यक्तिहरु मध्येबाट श्री ५ को सरकारले तोकेको व्यक्ति - अध्यक्ष

(ख) सचिव, गृह मन्त्रालय - सदस्य

(ग) नेपाल न्याय सेवाको विशिष्ट श्रेणीको पदबाट सेवा निवृत्त व्यक्तिहरु मध्येबाट श्री ५ को सरकारले मनोनयन गरेको व्यक्ति - सदस्य

(घ) प्रहरी सेवाको विशिष्ट श्रेणीको पदबाट निवृत्त भएका व्यक्तिहरु मध्ये श्री ५ को सरकारले मनोनयन गरेको व्यक्ति - सदस्य

(ङ) प्रहरी महानिरीक्षक - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिम मनोनित सदस्यहरुको पदावधि चार वर्षको हुनेछ र निजहरु पुनः मनोनयनको लागि योग्य हुनेछन् ।

(३) उपदफा (१) को खण्ड (क) बमोजिमको अध्यक्ष र खण्ड (ग) र (घ) बमोजिमका सदस्यहरु पूरा समय काम गर्ने पदाधिकारी हुनेछन् । निजहरुले आफ्नो कार्यभार सम्हाल्नु अघि तोकिए बमोजिम शपथग्रहण गर्नु पर्नेछ ।

(४) आयोगका अध्यक्ष तथा सदस्यले पाउने सुविधा तोकिए बमोजिम हुनेछ ।

(५) तोकिए बमोजिमको प्रक्रिया र आधारमा उम्मेदवारको उपयुक्तता जाँच गरी प्रहरी सेवाको पदमा नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिश गर्नु आयोगको प्रमुख कर्तव्य हुनेछ ।

(६) आयोगले आफ्नो बैठक सम्बन्धी कार्यविधि आफै निर्धारण गर्नेछ ।

(७) आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा श्री ५ को सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(८) आयोगले आफ्नो कार्यसम्पादनको सिलसिलामा विशेषज्ञ तथा कर्मचारीहरुको सेवा लिन र त्यस्तो सेवा लिए बापत पारिश्रमिक दिन सक्नेछ ।

(९) आयोगको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१२. **पदपूर्तिमा बन्देज**: प्रहरी सेवाका कुनैपनि पदमा यस ऐनमा व्यवस्था भए देखि वाहेक अन्य कुनैपनि तरिकाबाट पदपूर्ति गरिने छैन ।

१३. **प्रहरी सेवाको पदमा उम्मेदवार हुनको लागि अयोग्यता**: (१) देहायका व्यक्तिहरु प्रहरी सेवाको पदमा उम्मेदवार हुन अयोग्य मानिनेछन्:-

(क) राजपत्र अनङ्कित र श्रेणी विहिन पदमा अठार वर्ष उमेर पूरा नभएका तथा पुरुष कर्मचारीको हकमा पच्चीस वर्ष र महिला कर्मचारीका हकमा अठ्ठाईस वर्ष नाघेका,

(ख) राजपत्राङ्कित पदमा एक्काईस वर्ष पूरा नभएका तथा पुरुष कर्मचारीको हकमा सत्ताईस वर्ष र महिला कर्मचारीको हकमा तीस वर्ष नाघेका,

तर देहायका व्यक्ति देहाय बमोजिमका पदमा उम्मेदवार हुन सक्नेछनः-

(१) आधारभूत तालीम पूरा गरेका र पुरुष कर्मचारीको हकमा तीसवर्ष तथा महिला कर्मचारीको हकमा तेत्तीस वर्ष उमेर ननाघेका प्रहरी सेवामा बहाल भईरहेका प्रहरी कर्मचारी खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिने प्रहरी निरीक्षक पदमा,

(२) प्राविधिक सेवाको पदमा पैंतिस वर्षको उमेर ननाघेका,

(३) स्नातकोत्तरतहको योग्यता आवश्यक पर्ने विशेषज्ञ पदमा अठ्तीस वर्ष ननाघेका ।

(ग) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सरकारी सेवाबाट बर्खास्त भएको,

(घ) गैर–नेपाली नागरिक,

(ङ) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

(च) तोकिएको शारीरिक तथा मानसिक तन्दुरुस्ती नभएको,

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम उमेरको गणना गर्दा आवेदन फाराम भर्ने अन्तिम मितिमा न्यूनतम उमेर पुगेको र अधिकतम उमेर ननाघेको हुनु पर्नेछ ।

१४. **<u>प्रहरी सेवाको पदमा नियुक्ति</u>**: प्रहरी सेवाको देहायको पदमा नियुक्त गर्ने अधिकार देहाय बमोजिमको अधिकारीलाई हुनेछः-

(क) राजपत्राङ्कित पदमा श्री ५ को सरकारले,

(ख) प्रहरी नायव निरीक्षक पदमा प्रहरी महानिरीक्षक वा प्रहरी अतिरिक्त महानिरीक्षक,

(ग) प्रहरी सहायक निरीक्षक पदमा प्रहरी अतिरिक्त महानिरीक्षक वा प्रहरी नायव महानिरीक्षक,

(घ) प्रहरी हवल्दार र प्रहरी जवान पदमा प्रहरी उपरीक्षक वा सो भन्दा माथिका प्रहरी अधिकृत वा क्षेत्रीय प्रहरी तालीम केन्द्रका समादेशक ।

(ङ)) प्रहरी परिचर पदमा प्रहरी नायव उपरीक्षक वा सो भन्दा माथिल्लो दर्जाका प्रहरी अधिकृत ।

१५. **<u>शपथ ग्रहण गर्ने</u>**: पहिलो पटक नियुक्ति भै आफ्नो कार्यभार सम्हाल्नु अघि प्रत्येक प्रहरी कर्मचारीले तोकिए बमोजिम सपथ ग्रहण गर्नु पर्नेछ ।

१६. **<u>पदस्थापन सम्बन्धी व्यवस्था</u>**: प्रहरी कर्मचारीको पदस्थापन गर्ने आधार तोकिए बमोजिम हुनेछ।

१७. **<u>परीक्षणकाल</u>**: (१) प्रहरी सेवाको स्थायी पदमा नयाँ नियुक्ति भएका प्रहरी कर्मचारी आधारभूत तालीम पश्चात ६ महिनासम्मको लागि परीक्षणकालमा रहनेछन्।

तर एकपटक प्रहरी सेवाको स्थायी पदमा परीक्षणकाल भुक्तान गरिसकेको प्रहरी कर्मचारीलाई पुनः परीक्षककालमा राखिने छैन।

(२) उपदफा (१) बमोजिमको परीक्षणकाल अवधिमा प्रहरी कर्मचारीको काम र चरित्र सन्तोषजनक नभएमा वा आधारभूत तालीम पूरा गर्न नसकेमा निजको नियुक्ति बदर गरिनेछ।

(३) उपदफा (२) बमोजिम नियुक्ति बदर नगरिएका प्रहरी कर्मचारीहरुको नियुक्ति परीक्षणकाल समाप्त भएपछि स्वतः सदर भएको मानिनेछ।

१८. **कायम मुकायम र कार्यवाहक**: (१) प्रहरी सेवाका कुनै पदमा सामान्यतया कायम मुकायम मुकरर गरिने छैन।

तर पद रिक्त रहन आएको कारणले कार्यालयको दैनिक कार्यसम्पादन गर्न बाधा अड्चन परेमा अख्तियारवालाले त्यस्तो रिक्त रहन आएको पदमा कायम मुकायम मुकरर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कायम मुकायम मुकरर गर्दा एकतह मुनिका कर्मचारीहरु मध्ये बढुवाको लागि सबैभन्दा बढी अंक प्राप्त गर्ने प्रहरी कर्मचारीहरुलाई मात्र कायम मुकायम मुकरर गरिनेछ। यसरी कायम मुकायम मुकरर भएको प्रहरी कर्मचारीले दर्ज्यानी चिन्ह र सम्पूर्ण अधिकार प्रयोग गर्न पाउनेछ।

(३) कायम मुकायम मुकरर भएको प्रहरी कर्मचारीले सम्पादन गरेको काम सन्तोषजनक नभएमा कायम मुकायम मुकरर गर्ने आधिकारीले कायम मुकायम हटाउन सक्नेछ।

(४) कुनै कारणले कार्यालय प्रमुखको पद एक महिना भन्दा बढी अवधिको लागि रिक्त भएमा र सो पदमा कायम मुकायम नतोकिएको अवस्थामा एकतह माथिको कार्यालय प्रमुखले सो पदको कार्यवाहक भई कामकाज गर्न रिक्त पद भन्दा एकतह मुनिको सबैभन्दा

बरिष्ठ प्रहरी अधिकृतलाई तोक्न सक्नेछ र त्यसरी कार्यवाहक तोकेको सूचना प्रहरी प्रधान कार्यालयलाई दिनु पर्नेछ ।

तर राजपत्र अनङ्कित तहका पदमा सामान्यतया कार्यवाहक तोकिने छैन ।

(५) उपदफा (४) बमोजिम कार्यवाहक भई काम गर्न तोकिएको प्रहरी कर्मचारीले त्यस्तो कार्यवाहक पदको सम्पूर्ण अधिकार प्रयोग गर्न पाउनेछ ।

१९. **कायम मुकायम मुकरर गर्ने अधिकारी**: प्रहरी सेवाको रिक्त वा पदाधिकार रहेको कुनै कार्यालय प्रमुख पदमा अख्तियारवालाले कायम मुकायम मुकरर गर्न सक्नेछ ।

२०. **निमित्त भई काम गर्ने व्यवस्था**: (१) कायम मुकायम वा कार्यवाहक नतोकिएको अवस्थामा कुनै कारणले कार्यालय प्रमुख अनुपस्थित भएमा सोही कार्यालयका सबैभन्दा बरिष्ठ प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछ ।

(२) यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने प्रहरी कर्मचारीको हुनेछ ।

२१. **काम गरेको अवधिको तलब भत्ता**: (१) पन्ध्र दिन भन्दा बढी कुनै पदमा कायम मुकायम, कार्यवाहक वा निमित्त भई काम गर्ने प्रहरी कर्मचारीले जुन पदमा कायममुकायम, कार्यवाहक वा निमित्त भई काम गरेको छ सोही पदको पूरै अवधिको तलब भत्ता र राशन पाउनेछ ।

(२) उपदफा (१) बमोजिमको तलब भत्ता निजले सो पदमा वढुवा पाएमा पाउने तलब भत्ताको अंक भन्दा बढी हुने छैन ।

## परिच्छेद - ४

## सरुवा, काज र बढुवा

२२. **सरुवा गर्ने अधिकार**: प्रहरी कर्मचारीहरुलाई बिभिन्न भौगोलिक क्षेत्रको अनुभव दिलाउनको लागि सरुवा गरिनेछ र त्यस्तो सरुवा गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

(क) प्रहरी बरिष्ठ उपरीक्षक र सो भन्दा माथिल्लो दर्जाको प्रहरी अधिकृतलाई श्री ५ को सरकार,

(ख) प्रहरी निरीक्षकदेखि प्रहरी उपरीक्षकसम्मका प्रहरी अधिकृतहरुलाई प्रहरी महानिरीक्षक र आफ्नो क्षेत्रभित्रका प्रहरी निरीक्षकलाई प्रहरी नायब महानिरीक्षक,

(ग) प्रहरी नायव निरीक्षकलाई प्रहरी नायब महानिरीक्षक वा आफ्नो क्षेत्रभित्र प्रहरी बरिष्ठ उपरीक्षक,

(घ) प्रहरी सहायक निरीक्षकदेखि प्रहरी परिचरसम्मलाई आफ्नो क्षेत्रभित्र जिल्ला प्रहरी कार्यालयको प्रमुख ।

२३. **सरुवा अवधिः** (१) प्रहरी कर्मचारीको सरुवा गर्दा तोकिएको क वर्गको भौगोलिक क्षेत्रमा न्यूनतम एक वर्ष र अधिकतम पन्ध्र महिना भन्दा बढी नहुने गरी अन्य भौगोलिक क्षेत्रमा न्यूनतम अठार महिना र अधिकतम एक्काईस महिना भन्दा बढी नहुनेगरी सरुवा गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा प्रहरी कर्मचारीलाई कुनै कार्यालयमा पदस्थापन भएको सेवा अवधि पूरा नहुँदै सरुवा गर्न सकिनेछः-

(क) विशेषज्ञताको सेवा दिनु पर्ने पदमा रहेको,

(ख) स्थानीय स्तरमा अन्यत्र कतैपनि निजको सेवा, समूह वा उपसमूह सम्बन्धी पद तथा कार्यालय नभएको,

(ग) दिइएको जिम्मेवारी पूरा नगर्ने, कामप्रति उदासिन हुने, कायरता देखाउने, आचरण ठिक नराख्ने भएमा सम्वन्धित स्थानीय अधिकारी र सम्वन्धित प्रहरी प्रमुखको लिखित प्रतिवेदनको आधारमा अभिलेखमा जनाई,

(घ) अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने देखिएको भनी प्रहरी मेडिकल वोर्डले सिफारिस गरेमा,

(ङ) विभागीय कारवाही गर्नु पर्ने भएमा,

(च) विशेष परिस्थितिमा निजलाई उक्त स्थानमा राख्न उपयुक्त नदेखिएमा,

(३) उपदफा (२) बमोजिमको आधार नभई सरुवा अवधि नपुग्दै सरुवा गरेको जानकारी प्राप्त हुन आएमा सरुवा गर्ने अधिकारी भन्दा एकतह माथिको अधिकारीले त्यस्तो सरुवा बदर गर्न सक्नेछ।

(४) कुनै कार्यालयको कार्यालय प्रमुख भईसकेको प्रहरी कर्मचारीलाई सामान्यतया सोही कार्यालयको सोही दर्जाको कार्यालय प्रमुखमा सरुवा गरिने छैन ।

(५) सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२४. **काज खटाउने**: (१) प्रहरी कर्मचारीलाई देहाय बमोजिमको अवस्थामा काजमा खटाईनेछः-

(क) विशेष काममा प्रहरी परिचालन गर्न परेमा,

(ख) विरामी भै उपचारको लागि अस्पताल जानु परेमा,

(ग) प्राविधिक प्रहरी कर्मचारीहरुलाई सम्वन्धित कामको सिलसिलामा खटाउनु परेमा,

(घ) स्वदेश वा विदेशमा हुने तालीम, गोष्ठी, सेमिनार आदिमा भाग लिन जानु परेमा,

(ङ) तोकिएको सरुवाको अवधि भुक्तान भै सकेका प्रहरी कर्मचारीहरुलाई अन्यत्र कार्यालयमा काजमा राख्न वा त्यस्तो स्थानमा खटाउनु परेमा,

(च) दिइएको जिम्मेवारीलाई उचित तवरले वहन गर्न नसकी कारवाहीको सिलसिलामा माथिल्लो निकायमा झिकाउनु परेमा ।

(२) कार्यालयको दैनिक काममा बाधा परेमा कुनै प्रहरी कर्मचारीलाई निजको पदस्थापन भएको स्थानको क्षेत्र तथा अंचलमा सामान्यतया बढीमा तीनमहिना सम्मको लागि काज खटाउन सकिनेछ।

(३) प्रहरी कर्मचारीलाई काज खटाउने अधिकार सरुवा गर्ने अधिकारीलाई हुनेछ।

२५. **बढुवा गर्ने अधिकारी**: प्रहरी सेवाको राजपत्राङ्कित पदमा बढुवा गर्दा बढुवा समितिको सिफारिशमा अख्तियारवालाले बढुवा गर्नेछ।

२६. **बढुवा समिति**: (१) प्रहरी सेवाको राजपत्राङ्कित पदमा गरिने बढुवाको लागि देहाय बमोजिमको बढुवा समिति रहनेछः-

(क) आयोगको अध्यक्षले तोकेको आयोगको सदस्य- अध्यक्ष

(ख) सचिव, गृह मन्त्रालय - सदस्य

(ग) प्रहरी महानिरीक्षक वा निजले तोकेको प्रहरी अतिरिक्त महानिरीक्षक - सदस्य-सचिव

(२) प्रहरी सेवाको राजपत्र अनंकित पदमा गरिने बढुवाको लागि आवश्यकता अनुसार देहाय बमोजिमको बढुवा समिति रहनेछः–

(क) प्रहरी महानिरीक्षक वा निजले तोकेको कम्तिमा प्रहरी उपरीक्षकसम्मको प्रहरी अधिकृत - अध्यक्ष

(ख) प्रहरी सेवाको कम्तिमा प्रहरी नायब उपरीक्षकसम्मको अधिकृत - सदस्य

(ग) प्रहरी सेवाको कम्तिमा प्रहरी निरीक्षकसम्मको अधिकृत - सदस्य-सचिव

२७. **विशिष्ट श्रेणीको पदमा बढुवा सम्बन्धी विशेष व्यवस्था**: (१) प्रहरी सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवाको सिफारिश गर्न देहाय बमोजिमको समिति रहनेछः-

(क) प्रहरी सेवा आयोगको अध्यक्ष - अध्यक्ष

(ख) सचिव, गृह मन्त्रालय - सदस्य

(ग) प्रहरी महानिरीक्षक - सदस्य-सचिव

(२) यो ऐन र यस ऐन अन्तरगत बनेको नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको बढुवा समितिले बढुवाको लागि उम्मेदवार सिफारिश गर्दा कार्यसम्पादन गर्न सक्ने क्षमता, उत्तरदायित्व वहन गर्न सक्ने क्षमता र

ज्येष्ठता समेतको आधारमा रिक्त पद सँख्याको शत प्रतिशत थप उम्मेदवारको नाम सिफारिश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम सिफारिश भई आएका उम्मेदवारहरू मध्येबाट श्री ५ को सरकारले उपयुक्त ठह-याएको उम्मेदवारलाई वढुवा गर्नेछ ।

२८. **<u>बढुवाको लागि उम्मेदवार हुन चाहिने न्यूनतम सेवा अवधि</u>**: (१) वढुवाको लागि उम्मेदवार हुने पद भन्दा एकतह मुनिको श्रेणी वा तहको पदमा देहाय बमोजिम न्यूनतम सेवा अवधि पुगेको हुनु पर्नेछ ।

(क) राजपत्र अनङ्कित तृतीय श्रेणीको पदको निमित्त दुई बर्ष,

(ख) राजपत्र अनङ्कित प्रथम र द्वितीय श्रेणीको पदको निमित्त तीन वर्ष,

(ग) प्रहरी महानिरीक्षकको पद बाहेक अन्य राजत्रांकित पदको लागि चार वर्ष ।

(२) उपदफा (१) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उत्कृष्ट, असाधारण एवं साहसिक कार्य गर्ने राजपत्र अनंकित प्रहरी कर्मचारीहरुलाई प्रहरी महानिरीक्षकको स्वीकृतिबाट बढुवा गर्न बाधा पर्ने छैन ।

(३) उपदफा (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्रांकित पदमा बढुवा गर्न संभावित उम्मेदवार नै नभएको अवस्थामा भने सेवा अधविका कारणले मात्र बाधा पर्ने छैन ।

२९. **<u>बढुवाको लागि संभाव्य उम्मेदवार हुन नपाउने</u>**: दफा २८ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा देहायको अवधिभर प्रहरी कर्मचारी वढुवाको लागि संभाव्य उम्मेदवार हुन सक्ने छैनन् ।

(क) निलम्वन भएकोमा निलम्वन भएको अवधिभर,

(ख) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(ग) तलब वृद्धि रोक्का भएकोमा सो अवधिभर,

(घ) हालको पदमा तीन पटकसम्म नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले एक बर्षसम्म,

(ङ) प्रहरी नायब निरीक्षक, प्रहरी निरीक्षक र प्रहरी नायव उपरीक्षक पदमा वहाल रहेका व्यक्तिले तोकिएका "क" वर्गको जिल्लामा नौ महिना वा "ख" वर्गको जिल्लामा बाह्र महिना रुजु हाजिर भई काम गरेको नभई,

३०. **बढुवाको आधारः** (१) बढुवा समितिले प्रहरी कर्मचारीहरुलाई बढुवाको लागि सिफारिश गर्दा निजको कार्य क्षमताको आधारमा गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्य क्षमताको मूल्याङ्कन गर्दा देहाय बमोजिम बढीमा १०० अङ्क दिईनेछः

| | | |
|---|---|---|
| (क) | कार्य सम्पादन मूल्याङ्कन बापत | ३५ अङ्क |
| (ख) | जेष्ठता बापत | २० अङ्क |
| (ग) | भौगोलिक क्षेत्रमा काम गरे बापत | १५ अङ्क |
| (घ) | शैक्षिक योग्यता बापत | १० अङ्क |
| (ङ) | तालीम बापत | १० अङ्क |
| (च) | कार्यालय प्रमुख भई विशेष जिम्मेवारी सम्हाले बापत | ५ अङ्क |
| (छ) | बढुवा समितिले दिने | ५ अङ्क |

३१. **कार्य सम्पादन मूल्याङ्कनः** (१) प्रहरी कर्मचारीको कार्य सम्पादनको मूल्याङ्कन गर्न तोकिए बमोजिम कार्य सम्पादन मुल्याङ्कन फाराम प्रयोग गरिने छ।

(२) प्रहरी कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनको कुल अङ्कको विभाजन देहाय बमोजिम हुनेछ।

| | | |
|---|---|---|
| (क) | सुपरिवेक्षकले दिन सक्ने अधिकतम | २० अङ्क |
| (ख) | पुनरावलोकनकर्ताले दिन सक्ने अधिकतम | १० अङ्क |

(ग) पुनरावलोकन समितिले दिन सक्ने अधिकतम ५ अङ्क

(३) राजपत्राङ्कित अधिकृत तहको पदको कार्य सम्पादन मूल्यांकन फाराम प्रत्येक वर्ष तोकिएको समय भित्र मूल्यांकन गरी गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयमा पठाउनु पर्नेछ ।

३२. **कार्य क्षमताको मूल्याङ्कन**: कार्य क्षमताको मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३३. **बढुवा सम्बन्धी विशेषव्यवस्था**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रहरी कर्मचारीको आतङ्ककारीबाट भएको आक्रमण वा विष्फोटक वा कुनै हतियारको प्रहारबाट वा आतङ्ककारी विरुद्धको प्रहरी कारबाहीमा खटिएको समयमा भीर पहराबाट लडी वा कुनै पनि प्रकारको हतियारको चोटबाट वा कुनै आकस्मिक दुर्घटनाबाट मृत्यु भएको देखिएमा निजलाई तोकिए बमोजिमको समितिको सिफारिशमा मरणोपरान्त पनि माथिल्लो एकतह वा श्रेणीको पदमा बढुवा गर्न सकिनेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै पदमा कम्तिमा बाह्रवर्षसम्म लगातार बहाल रहेका राजपत्राङ्कित द्वितीय श्रेणी (प्रहरी नायव उपरीक्षक) वा सो भन्दा मुनिका प्रहरी कर्मचारीको दफा ४० बमोजिम अनिवार्य अवकाश हुने भएमा वा दफा ४२ बमोजिम स्वैच्छिक अवकाश लिन चाही निवेदन दिएमा एक महिना अगावै माथिल्लो एकतह वा श्रेणीको पदमा बढुवा गरी अवकाश दिन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम बढुवा गर्नको लागि स्वतः विशेषपद श्रृजना हुनेछ र त्यस्तो कर्मचारी सेवाबाट अवकाश भएपछि सो पद स्वतः खारेज हुनेछ ।

३४. **बढुवाको शर्तमा परिवर्तन**: दफा २८, २९, ३० र ३१ वा सो अन्तरगत बनेका नियमहरुमा कुनै संशोधन गर्दा त्यस्तो संशोधन भएको एक वर्ष पछिको मितिदेखि मात्र लागु हुने गरी व्यवस्था गरिनेछ ।

## परिच्छेद - ५

## तलब, भत्ता, दशैं खर्च तथा अन्य सुविधा

३५. **तलब, भत्ता र राशनः** (१) प्रहरी कर्मचारीले आफ्नो पदमा बहाल गरेको दिनदेखि तलब भत्ता र राशन पाउने छ ।

तर प्रहरी प्रधान कार्यालय र उपत्यकाभित्र रहेका कार्यालयमा कार्यरत प्रहरी कर्मचारीको हकमा प्रहरी किताव खाना र अन्य जिल्ला स्थित कार्यालयका प्रहरी कर्मचारीहरुको हकमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पास नगराई तलब भत्ता खुवाउनु हुदैन ।

(२) यो ऐन प्रारम्भ भएपछि प्रत्येक प्रहरी कर्मचारीले एक वर्षको सेवा पूरा गरेपछि तोकिए बमोजिमको तलब बृद्धि पाउनेछ ।

३६. **पकाएको तलब भत्ता पाउनेः** (१) प्रहरी कर्मचारीले प्रत्येक महिना भुक्तानी भएपछि तलब भत्ता पाउने छ।

(२) कुनै प्रहरी कर्मचारीले पकाएको तलब भत्ता निज जुनसुकै व्यहोराबाट प्रहरी सेवामा नरहे पनि पाउनेछ ।

(३) यो ऐन वा यस ऐन अन्तरगत बनेका नियमहरुमा व्यवस्था भएकोमा बाहेक कुनै प्रहरी कर्मचारीले पाउने तलब सो कर्मचारीले काम गरिरहेको वा बिदामा बसेको बखत रोकिने छैन ।

३७. **निलम्बन भएमा पाउने तलबः** (१) कुनै प्रहरी कर्मचारी सरकारी कामको सम्बन्धमा वा श्री ५ को सरकारको तर्फबाट भएको कारबाहीको फलस्वरुप निलम्बन भएमा सो निलम्बनको अवधिभर निजले आफ्नो तलबको आधा मात्र पाउने छ।

तर लागेको आरोप प्रमाणित नभए निजको निलम्वन फुकुवा भएमा सो अवधिमा आधा तलब पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै तलब (तलब बृद्धि हुने भए सो समेत) र राशन पाउनेछ। कसुरदार ठहरिएमा बाँकी तलब भत्ता पाउने छैन ।

(२) कुनै प्रहरी कर्मचारी उपदफा (१) मा उल्लेखित कारण बाहेक अन्य कुनै कारणबाट निलम्वन रहन गएको रहेछ भने निजले त्यसरी निलम्वनमा रहेको अवधिको तलब

भत्ता पाउने छैन । तर त्यसरी भएको निलम्बनबाट सफाई पाएमा पुरै अवधिको तलब भत्ता पाउनेछ ।

३८. **कर्मचारी संचय कोषमा रकम जम्मा गरी दिने**: प्रहरी कर्मचारीहरुको मासिक तलबबाट दश प्रतिशतका दरले हुन आउने रकम कट्टा गरी सो रकममा श्री ५ को सरकारले शतप्रतिशत रकम थप गरी कर्मचारी संचय कोषमा जम्मा गरी दिनेछ ।

३९. **अन्य सुविधा**: (१) प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष दशैं खर्चको रुपमा पाउनेछ ।

(२) निवृत्तिभरण पाउने गरी अवकाश प्राप्त प्रहरी कर्मचारीलाई निजले पाउने एक महिनाको निवृत्तिभरण बराबरको रकम दशैं खर्चको रुपमा दिईनेछ ।

(३) प्रहरी कर्मचारीले पाउने, प्रहरी अस्पतालमा लाग्ने खर्च लगायत अन्य उपचार खर्च, अशक्तवृत्ति अङ्गभङ्ग भए बापत पाउने सुविधा, असाधारण पारिवारिक निवृत्तिभरण तथा उपदान, शैक्षिक भत्ता, सन्ततिवृत्ति वा अन्य सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) प्रहरी कर्मचारीले राजीनामा दिई वा अन्य कुनै कारणले सेवाबाट अवकाश पाएको मिति सम्म निजले खाईपाई आएको तलब भत्ता, राशन र अन्य सुविधा समेत पाउने छ । तर सो बाहेक अन्य कारणले सेवाबाट हटाइएको वा बर्खास्त भएको प्रहरी कर्मचारीले हटाइएको वा बर्खास्त गरिएको मितिसम्मको तलब भत्ता मात्र पाउनेछ ।

## परिच्छेद - ६

## अवकाश, उपदान र निवृत्तिभरण

४०. **अनिवार्य अवकाश**: (१) देहायका प्रहरी कर्मचारीको देहाय बमोजिम उमेर पुगेपछि निजलाई प्रहरी सेवाबाट अवकाश दिईनेछ ।

| | | |
|---|---|---|
| (क) | प्रहरी महानिरीक्षक | ५८ |
| (ख) | प्रहरी अतिरिक्त महानिरीक्षक र प्रहरी नायव महानिरीक्षक | ५६ |
| (ग) | प्रहरी वरिष्ठ उपरीक्षक र प्रहरी उपरीक्षक | ५५ |

| | | |
|---|---|---|
| (घ) | प्रहरी नायव उपरीक्षक | ५४ |
| (ङ) | प्रहरी निरीक्षक | ५३ |
| (च) | प्रहरी नायव निरीक्षक | ५२ |
| (छ) | प्रहरी सहायक निरीक्षक | ५१ |
| (ज) | प्रहरी हवल्दार र प्रहरी जवान | ५० |
| (झ) | प्रहरी परिचर | ५० |

(२) देहायको पदमा देहायको अवधि सम्म बहाल रहेको प्रहरी कर्मचारीलाई सो अवधि भुक्तान गरेपछि अवकाश दिइनेछ ।

| | | |
|---|---|---|
| (क) | प्रहरी महानिरीक्षक | ४ वर्ष |
| (ख) | प्रहरी अतिरिक्त महानिरीक्षक र प्रहरी नायव महानिरीक्षक | ५ वर्ष |
| (ग) | प्रहरी वरिष्ठ उपरीक्षक | ६ वर्ष |

(३) उमेरको हद वा पदावधि मध्ये कुनै एक पुगेपछि प्रहरी कर्मचारीले सेवाबाट अवकाश पाउनेछ ।

(४) उपदफा (२) बमोजिम अवधि भुक्तान भएपछि निजको सेवा अति आवश्यक भएको श्री ५ को सरकारलाई लागेमा उपदफा (१) बमोजिमको उमेरको हद ननाघ्ने गरी प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायव महानिरीक्षक र प्रहरी बरिष्ठ उपरीक्षकलाई दुई बर्षको अवधि थप गर्न सक्नेछ ।

(५) यस दफाको प्रयोजनको लागि कुनै प्रहरी कर्मचारीको उमेर देहाय बमोजिम गणना गरिनेछ ।

(क) सेवामा प्रवेश गर्दा निजले पेश गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएका जन्ममिति वा वर्षबाट हुन आएको उमेर ।

(ख) खण्ड (क) बमोजिमको अभिलेख नभएमा निजले सेवा प्रवेश गर्दा वैयक्तिक नोकरी बिबरण (सिटरोल) मा लेखिएको जन्ममिति वा बर्षबाट हुन आउने उमेर ।

४१. **अवकाश दिन सक्ने**: श्री ५ को सरकारले देहायको अवस्थामा कुनै पनि प्रहरी कर्मचारीलाई सेवाबाट अवकाश दिन सक्नेछ :-

(क) कुनै पनि प्रहरी कर्मचारीले आफ्नो जिम्मा रहेको वा आफूले कुनै तरिकाबाट प्राप्त गरेको सरकारी गोप्य कागजात लिखत वा जानकारी कुनै अनधिकृत व्यक्ति वा निकायलाई दिएमा वा दिने प्रयास गरेको प्रमाणित भएमा,

(ख) कुनै पनि प्रहरी कर्मचारीले राष्ट्रिय हित विपरित कुनै विदेशी राष्ट्र संस्था वा नागरिकसंग अवाञ्छित सम्पर्क कायम गरी आफ्नो ओहदाको मर्यादा विपरित गैर जिम्मेवारपूर्ण व्यवहार गरेको कुरा प्रमाणित भएमा ।

४२. **स्वेच्छिक अवकाश**: निवृत्तिभरण पाउने अवधि पूरा गरी सकेका प्रहरी कर्मचारीले श्री ५ को सरकारद्वारा नेपाल राजपत्रमा प्रकाशित सूचनामा तोकिएको अवधिभित्र सोही सूचनामा उल्लिखित शर्तमा स्वेच्छिक अवकाश लिन सक्नेछन् । यसरी स्वेच्छिक अवकाश लिने कर्मचारीलाई उमेरको हदले अवकाश हुने उमेर ननाध्ने गरी बढीमा सात वर्ष सेवा अवधि थप गरी निवृत्तिभरणका लागि जम्मा सेवा अवधि कायम गरिनेछ ।

४३. **उपदान**: (१) पाँचवर्ष वा सो भन्दा बढी सेवा गरेको तर निवृत्तिभरण पाउने अवधि नपुगेका प्रहरी कर्मचारीले राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा तोकिए बमोजिम उपदान पाउनेछ ।

तर सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट वर्खास्त भएको प्रहरी कर्मचारीले यस दफा बमोजिम उपदान पाउने छैन ।

(२) उपदान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४४. **निवृत्तिभरण**: (१) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट वर्खास्त गरिएको अवस्थामा बाहेक राजपत्राङ्कित कर्मचारीले बीसवर्ष सेवा अवधि र राजपत्रअनङ्कित

कर्मचारीले अठार वर्ष सेवा अवधि पूरा गरी सेवाबाट अवकाश प्राप्त गरेपछि तोकिए बमोजिमको निवृत्तिभरण पाउने छन् ।

(२) नागरिकता, वा उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएमा त्यस्तो प्रहरी कर्मचारीलाई निवृत्तिभरण दिईने छैन ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रहरी कर्मचारी आतङ्ककारीबाट भएको आक्रमण वा विष्फोटक वा कुनै हतियारको प्रहारबाट वा आतङ्ककारी विरुद्धको प्रहरी कारबाहीमा खटिएको समयमा भीर पहराबाट लडी वा कुनै पनि प्रकारको हतियारको चोटबाट वा कुनै आकस्मिक दुर्घटनाबाट मृत्यु भएमा त्यस्तो प्रहरी कर्मचारीको उमेरको हदले अवकाश प्राप्त गर्ने अवधि ननाघ्ने गरी बढीमा ७ वर्षसम्म निजको हकवालाले पूरा तलब पाउने छ । उक्त पूरा तलब पाउने अवधि व्यतित भएपछि मृतक प्रहरी कर्मचारीको सेवा अवधि निवृत्तिभरण पाक्ने अवधिभन्दा कम भएमा निवृत्तिभरण पाकेको अवधि सरह र निवृत्तिभरण पाक्ने अवधिभन्दा बढी सेवा अवधि भएमा सोही बमोजिम मृतक प्रहरी कर्मचारीको हकवालाले निवृत्तिभरण पाउनेछ ।

(४) निवृत्तिभरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४५. **औषधी उपचार सुविधा**: प्रहरी कर्मचारीले पाउने औषधी उपचार सुविधा तोकिए बमोजिम हुनेछ ।

४६. **कबुलियत गर्नुपर्ने**: (१) प्रहरी कर्मचारीले अध्ययन, तालीम लिन वा अध्ययन भ्रमण वा बिदेशको कुनै सेवामा जानु भन्दा अघि त्यस्तो अध्ययन, तालीम वा अध्ययन भ्रमण पूरा गरी फर्की आएपछि तोकिए बमोजिमको सेवा गर्ने कवुलियत गर्नु पर्नेछ ।

(२) प्रहरी कर्मचारीले अध्ययन, तालीम वा अध्ययन भ्रमण पूरा गरेपछि सेवा गर्न नआएमा वा कवुलियत बमोजिम गर्नुपर्ने सेवा अवधि पूरा नगरेमा त्यस्तो कर्मचारीबाट अध्ययन तालीम वा अध्ययन भ्रमण अवधिभर निजले पाएको तलब भत्ता तथा कवुलियतमा उल्लेख भएका अन्य रकमहरु समेत तोकिएको अवधि भित्र नवुझाएमा सरकारी वाँकी सरह असुल उपर गरिनेछ ।

## परिच्छेद - ७

### आचरण

४७. **अनुशासन र आज्ञा पालनः** (१) प्रहरी कर्मचारीले अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारी र तत्परताको साथ पालन गर्नु पर्नेछ ।

(२) प्रहरी कर्मचारीले आफ्नो सरकारी काम सम्बन्धी कुरामा आफू भन्दा माथिको अधिकृतले दिएको आदेशलाई तदारुकताका साथ पालना गर्नु पर्नेछ ।

(३) प्रहरी कर्मचारीले आफू भन्दा माथिका सबै प्रहरी कर्मचारीहरु प्रति उचित आदर देखाउनु पर्नेछ र दिएको निर्देशन शीघ्रताका साथ पालना गर्नु पर्नेछ ।

४८. **राजनीतिमा भाग लिन नहुनेः** प्रहरी कर्मचारीले कुनै राजनैतिक संस्थाको सदस्य वन्न राजनीतिमा भाग लिन, राजनीतिक संस्थाको सहायताको लागि चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्नु वा आफ्नो झुकाब देखाउन हुँदैन ।

४९. **श्री ५ को सरकार र प्रहरी संगठनको आलोचना गर्नु नहुनेः** (१) आफ्नो कर्तव्य पालनाको सिलसिलामा श्री ५ को सरकार र प्रहरी संगठनको नीति विपरित हुने गरी वा श्री ५ को सरकारको र जनताको पारस्परिक सम्बन्ध अथवा कुनै विदेशी राष्ट्रसंगको सम्बन्धमा खलल पर्न सक्ने गरी कुनै पनि प्रहरी कर्मचारीले आफ्नो वास्तविक र काल्पनिक नामबाट वा वेनामी कुनै लेख प्रकाशित गर्न, प्रेसलाई कुनै खवर दिन, रेडियो वा टेलिभिजन आदिबाट भाषण प्रसारित गर्न, कुनै सार्वजनिक भाषण दिन वा कुनै वक्तव्य प्रकाशित गर्नु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून र श्री ५ को सरकार र प्रहरी संगठनको नीति विपरित नहुने गरी लेख प्रकाशन वा प्रसारण गर्न बाधा पर्ने छैन ।

५०. **सरकारी कामकाज सम्बन्धी समाचार प्रकाशन गर्नमा प्रतिवन्धः** कुनै पनि प्रहरी कर्मचारीले श्री ५ को सरकार वा विशेष रुपबाट अख्तियार नपाई आफूले सरकारी कर्तव्यको पालना गर्दा जानकारीमा आएको कुनै गोप्य वा कानूनद्वारा निषेधित विषय आफूले लेखेको वा संकलन गरेको कुनै कागज पत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत प्रहरी

कर्मचारीलाई वा गैर सरकारी व्यक्ति वा प्रेसलाई दिन वा वताउन हुँदैन । यो प्रतिवन्ध जुनसुकै कारणबाट प्रहरी सेवामा नरहेको व्यक्तिको हकमा समेत लागू हुनेछ ।

५१ **<u>दान, उपहार, चन्दा आदि प्राप्त गर्न प्रतिवन्धः</u>** (१) सरकारी काममा कुनै पनि प्रकारले असर पर्न सक्ने गरी कुनै पनि प्रहरी कर्मचारीले श्री ५ को सरकारको पूर्व स्वीकृति विना आफूले वा आफ्नो परिवारको कुनै सदस्यद्वारा कसैबाट कुनै प्रकारको दान दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न हुँदैन ।

(२) प्रहरी कर्मचारीले कुनै विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा निजले श्री ५ को सरकारलाई सो कुराको सूचना दिई निकासा भए बमोजिम गर्नु पर्छ ।

५२. **<u>कम्पनीको स्थापना, संचालन तथा व्यापार व्यवसाय गर्न नहुनेः</u>** (१) प्रहरी कर्मचारीले श्री ५ को सरकारको पूर्व स्वीकृति नलिई देहायका काम गर्न हुँदैनः-

(क) कुनै वैंक वा कम्पनीको स्थापना रजिष्ट्रेशन वा संचालनको काममा भाग लिन,

(ख) प्रचलित कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न,

(ग) अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्न ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रहरी कर्मचारीले श्री ५ को सरकारको नीति विपरित नहुने गरी साहित्यिक, वैज्ञानिक, कलात्मक, खेलकूद वा मानवीय सहयोग सम्बन्ध कार्य गर्न सक्नेछ ।

५३. **<u>निर्वाचनमा भाग लिन नहुनेः</u>** प्रहरी कर्मचारीले कुनै पनि राजनैतिक पदको लागि हुने निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्नका लागि कुनै प्रकारको प्रभाव पार्न हुँदैन ।

तर कसैलाई मत दिने वा दिने बिचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून बमोजिम आफूले पाएको मतदानको अधिकार प्रयोग गर्न पाउनेछ ।



नेपाल कानून आयोग

५४. **प्रदर्शन र हडताल गर्नमा प्रतिबन्धः** प्रहरी कर्मचारीले नेपाल अधिराज्यको सार्वभौम सत्ता र अखण्डतामा आँच आउने गरी देशको शान्ति सुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादा तथा अदालतको निर्णयको अवहेलना हुने गरी विभिन्न जात जाति धर्म, वर्ण, क्षेत्र र सम्प्रदायका मानिसहरु बीच वैमनष्यता उत्पन्न गराउने वा साम्प्रदायिक दुर्भावना फैलाउने गरी वा कुनै अपराधलाई प्रश्रय हुने गरी प्रदर्शन गर्न, हडतालमा भाग लिन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुँदैन ।

५५. **हडताल, थुन छेक तथा घेराउ गर्नमा प्रतिबन्धः** प्रहरी कर्मचारीले कुनै पनि कार्यालय वा अधिकृतको कानूनद्वारा निर्धारित कर्तव्य पूरा गर्नमा बाधा विरोध हुने गरी हडताल वा कलम वन्द गर्न तथा शारीरिक वा मानसिक उत्पिडन हुने गरी दवाव दिन वा सो गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुँदैन ।

५६. **प्रतिनिधित्व गर्नमा प्रतिबन्धः** प्रहरी कर्मचारीले आफूलाई मर्का परेको विषयमा आफैले वा वारेसद्वारा सम्वन्धित निकाय वा अधिकारी समक्ष निवेदन दिन वाहेक अरु व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्न हुँदैन ।

५७. **सम्पत्तिको विवरणः** प्रहरी कर्मचारीले आफ्नो सम्पत्तिको विवरण प्रचलित कानूनले तोकेको निकायमा पेश गर्नु पर्नेछ ।

५८. **आफ्नो सेवा वा पद अनुसारको आचरण पालन गर्नुपर्नेः** प्रत्येक प्रहरी कर्मचारीले आफ्नो सेवा र पद अनुसारको आचरण पालना गर्नु पर्नेछ ।

५९. **प्रहरी कर्मचारीलाई निजी काममा लगाउन वा निःशुल्क श्रम लिन नहुनेः** प्रहरी अधिकृतले सुरक्षा प्रवन्धमा पाउने सुविधा बाहेक कुनै पनि प्रहरी कर्मचारीलाई निजी काममा लगाउन वा कसैसंग निःशुल्क श्रम लिन हुँदैन ।

६०. **प्रहरी कर्मचारीले वाहिरी प्रभाव पार्न नहुनेः** प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्बन्ध कुरामा मतलब साध्य गर्न आफू भन्दा माथिका अधिकृत माथि कुनै अनुचित प्रभाव पार्न अथवा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन ।

## परिच्छेद - ८

## सेवाको सुरक्षा

६१. **प्रहरी कर्मचारीको सेवाको सुरक्षा**: देहायका प्रहरी कर्मचारी वाहेक अरु कुनै पनि प्रहरी कर्मचारीलाई सफाइको सवुद दिने मनासिव माफिकको मौका नदिई प्रहरी सेवाबाट हटाउने वा वर्खास्त गरिने छैन :–

(क) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

(ख) म्यादी पदमा बहाल रहेको,

(ग) कसैबाट अपहरण भएको अवस्थामा बाहेक भागी पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न सम्भव नभएको पर्याप्त आधार भएको ।

६२. **प्रहरी कर्मचारीको वचाउ**: (१) प्रहरी कर्मचारीले यस ऐन वा प्रचलित ऐन बमोजिम गर्नु पर्ने कर्तव्य पालन गर्दा वा पाएको अख्तियार प्रयोग गर्दा वा अदालतले दिएको वा जारी गरेको विज्ञप्ति, आदेश वा वारेन्ट तामेल गर्दा असल नियतले गरेकोमा सजाय र हर्जाना तिर्न भागी हुँदैन र प्रहरी कर्मचारीले आफ्नो ओहोदाको कर्तव्य पालन सम्झी गरेको कुनै सरकारी कामको सम्बन्धमा निज उपर उपदफा (२) बमोजिमको रीत नपुऱ्याई मुद्दा चल्न सक्ने छैन ।

(२) उपदफा (१) बमोजिम कुनै पनि प्रहरी कर्मचारी उपर मुद्दा चलाउनको लागि फौजदारी मुद्दाको हकमा अख्तियारवालाको अनुमति प्राप्त हुनु पर्नेछ र देवानी मुद्दाको हकमा देहाय बमोजिम हुनु पर्नेछः-

(क) मुद्दा चलाउने कारण तथा वादीको र निजको वारेस भएमा त्यस्तो वारेसको नाम र ठेगाना खोली लिखित सूचना अख्तियारवालालाई वा सम्वन्धित प्रहरी कर्मचारीलाई वुझाएको वा हुलाकद्वारा रजिष्ट्रि गरी पठाएको र त्यसको नक्कल श्री ५ को सरकारमा पेश भएको दुई महिना नाघेको ।

(ख) मुद्दा चलाउने कारण भएको तीन महिना भित्र मुद्दा दायर गरिसकेको ।

(३) कुनै प्रहरी कर्मचारी बहाल छंदा आफ्नो ओहदाको कर्तव्य पालनको सिलसिलामा गरेको कामको सम्बन्धमा बहाल टुटिसके पछि श्री ५ को सरकारको स्वीकृति नभई निज उपर मुद्दा चल्न सक्ने छैन।

(४) उपदफा (३) बमोजिम मुद्दा चलाउन श्री ५ को सरकारबाट स्वीकृति दिएमा निजको प्रतिरक्षा श्री ५ को सरकारले गर्नेछ।

६३. **सेवा शर्तको सुरक्षा**: कुनै पनि प्रहरी कर्मचारीलाई निजको नियुक्ति हुँदा तत्काल लागू भएको तलब, उपदान, निवृत्तिभरण र अन्य सुविधा सम्बन्धी सेवाका शर्तहरुमा निजको स्वीकृति विना निजलाई प्रतिकूल असर गर्ने गरी परिवर्तन गरिने छैन। पछि हुने संशोधनले त्यस्तो संशोधन हुनु अगावै बहाल रहेको कुनै प्रहरी कर्मचारीको उपर्युक्त सेवाका शर्तहरुमा कुनै प्रकारको प्रतिकूल असर पर्ने भएमा त्यस्तो संशोधित व्यवस्था बमोजिम गर्न मन्जुर गरेको लिखित स्वीकृति नभई त्यस्तो व्यवस्था निजको हकमा लागू हुने छैन।

## परिच्छेद - ९

## प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

६४. **प्रहरी कर्मचारीहरु हरहमेशा सेवामा रहनु पर्ने**: प्रत्येक प्रहरी कर्मचारी हरहमेशा सेवामा रहेको मानिनेछ र मुलुकको कुनै पनि भागमा जुनसुकै वखत पनि प्रहरी कर्मचारी काममा परिचालन गर्न सकिनेछ।

६५. **प्रहरी कर्मचारीले बढी अधिकार प्रयोग गर्न नहुने**: प्रहरी कर्मचारीले यो ऐन वा प्रचलित कानून बमोजिम पाएको अधिकार भन्दा बढी अधिकार प्रयोग गर्नु हुँदैन।

६६. **अधिकार प्रयोग गर्न पाउने**: प्रहरी कर्मचारीले यो ऐन वा यस ऐन अन्तरगत वनेका नियम बमोजिम पाएको अख्तियार निज भन्दा माथिल्लो दर्जाका प्रहरी कर्मचारीले प्रयोग गर्न पाउनेछ।

६७. **प्रहरी कर्मचारीको काम, कर्तव्य**: प्रत्येक प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

६८. **वारेण्ट आदि जारी गर्ने प्रमुख जिल्ला अधिकारीको अधिकार**: (१) प्रहरी कर्मचारीले आफ्नो कर्तव्यको सिलसिलामा कुनै अपराध गरेको वा सो गरेको भनी शंका भएको वा अपराध गर्न

लागेको व्यक्तिको बारेमा पाएको जानकारीका सम्बन्धमा प्रमुख जिल्ला अधिकारी समक्ष प्रतिवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त गरे पछि त्यस्ता अभियुक्तलाई पक्रन वा गिरफ्तार गर्न वारेण्ट, समाव्हान, म्याद, सूचना आदि जारी गर्न प्रचलित कानून बमोजिम अन्य कुनै अड्डा वा अधिकारीलाई स्पष्ट अधिकार नभएकोमा प्रमुख जिल्ला अधिकारीले त्यस्ता अभियुक्तलाई पक्रन वा गिरफ्तार गर्न वारेण्ट, समाव्हान वा म्याद सूचना जारी गर्न सक्नेछ। वारेण्ट, समाव्हान, म्याद, सूचना आदि जारी गर्न अन्य कुनै अड्डा वा अदालतलाई प्रचलित कानूनले अधिकार प्रदान गरेकोमा प्रहरी अधिकृतले उपदफा (१) बमोजिमको प्रतिवेदन सोझै त्यस्तो अड्डा वा अदालतमा दिनेछ।

६९ **प्रहरी कर्मचारीले विना वारेण्ट गिरफ्तार गर्न सक्ने**: (१) प्रहरी कर्मचारीले देहायका व्यक्तिलाई सार्वजनिक स्थानमा विना वारेण्ट गिरफ्तार गर्न सक्नेछः-

(क) प्रचलित कानून बमोजिम तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय हुने अपराध गरेको वा गर्न लागेको छ भन्ने थाहा भएको व्यक्ति,

(ख) फरार घोषित गरिएको अभियुक्त वा अपराधी,

(ग) कर्फ्यु लागेको समयमा शंका पर्ने गरी हिंडडुल गरिरहेको व्यक्ति,

(घ) मनासिव कारण नभई रातमा हातहतियार खरखजाना वा रातमा घर फोर्न औजार साथमा भएको व्यक्ति,

(ङ) प्रचलित कानून अनुसार थुनिएका ठाउँबाट भागेको वा भाग्न उद्योग गर्ने व्यक्ति,

(च) शाही नेपाली सेना वा प्रहरी सेवा छाडी भागेको भन्ने मनासिव शंका भएको

व्यक्ति,

(छ) यस ऐनको परिच्छेद ११ मा लेखिए बमोजिम हुने अपराध गरेको छ भन्ने मनासिव शंका भएको व्यक्ति,

(२) उपदफा (१) मा लेखिए बमोजिम पक्राउ भएका व्यक्तिलाई बाटाको म्याद बाहेक चौवीस घण्टा भित्र अदालतमा पेश गर्नु पर्छ ।

(३) कुनै चल, अचल सार्वजनिक सम्पत्तिमा आफ्ना सामुन्ने नोक्सानी हुन लागेको देखेमा प्रहरी कर्मचारीले आफै अघि सरी सो नोक्सानी रोक्न आवश्यक कारवाही गर्न सक्छ ।

७०. **सार्वजनिक उपभोगको बन्दोबस्त मिलाउने सम्बन्धमा**: सार्वजनिक बाटो इत्यादिमा सवारी वा यात्रीहरुको व्यवस्था मिलाउने सम्बन्धमा प्रहरी कर्मचारीको देहाय बमोजिमको कर्तव्य हुनेछः-

(क) सार्वजनिक बाटोमा यातायातको व्यवस्था र नियन्त्रण गर्ने, यातायातको रोकावट हुन नदिने र सार्वजनिक नियम र आदेश मिच्न नदिने,

(ख) सार्वजनिक बाटो, घाट, हवाई अड्डा, यातायात स्थल, मेला लाग्ने ठाउँ, धार्मिकस्थल र अरु सार्वजनिक स्थलमा शान्ति सुरक्षा कायम राख्ने र त्यस्ता स्थलमा सार्वजनिक उपयोगमा आवश्यक वन्दोवस्त मिलाउने,

(घ) बाटो, नहर, इनार, मठ, मन्दिर वा सार्वजनिक सम्पत्तिमा विवाद उत्पन्न भई शान्ति सुव्यवस्था खलल हुने भएमा विवाद समाधान नभएसम्म नियन्त्रणमा लिने,

७१. **सार्वजनिक सभा र जुलुसको व्यवस्था**: (१) सार्वजनिक बाटो, सडक वा आवत जावत हुने स्थानमा सभा गर्ने वा जुलुस निकाल्दा जनसाधारणलाई असुविधा पर्ने वा शान्ति भङ्ग हुने स्थिति उत्पन्न भएमा प्रमुख जिल्ला अधिकारीको आदेश लिई प्रहरी कर्मचारीले सभा वा जुलुसका निम्ति आवश्यक ठाउँ, बाटो र समय तोक्न सक्नेछ ।

(२) उपदफा (१) विपरित कुनै कार्य भए गरेमा प्रहरी कर्मचारीले त्यस्तो सभा वा जुलुस रोक्न सक्नेछ ।

७२. **प्रहरी खटाउने**: (१) हवाई अड्डा, रेल्वे, यातायात जस्ता सार्वजनिक उपयोगको सेवा, कारखाना, व्यापारिक प्रतिष्ठान वा मनोरन्जन सेवा उपलब्ध गराउने स्थानमा प्रहरीको आवश्यक भएमा श्री ५ को सरकारले आवश्यक संख्यामा प्रहरी खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम थप प्रहरी खटाइएकोमा सो खटाउँदा पर्न जाने आर्थिक दायित्व सम्बन्धित व्यक्ति वा संस्थाले व्यहोर्नु पर्नेछ ।

७३. **बेवारिसी सम्पत्तिको सम्बन्धमाः** प्रहरी कर्मचारीले बेवारिसे सम्पत्ति फेला पारेमा त्यस्तो सम्पत्ति सम्बन्धित व्यक्ति पत्ता लगाई निजको जिम्मा लगाउनु पर्नेछ र त्यस्तो व्यक्ति पत्ता नलागेमा सो सम्पत्ति श्री ५ को सरकारलाई बुझाउनु पर्नेछ ।

७४. **वेवारिसी लाशका सम्बन्धमाः** प्रहरीले वेवारिसी लाश फेला पारेमा आफ्नो नियन्त्रणमा लिई लाशको सनाखत गराउनु पर्नेछ । प्राप्त लास मृत्युको कारण पत्ता लगाई कालगतिले मरेको रहेको भएमा हकवाला फेला परे सदगत गर्न वुझाइदिनु पर्छ । हकवाला फेला नपरेमा वा वुझी नलिए त्यस्तो लाश अध्ययनको प्रयोजनको लागि चिकित्साशास्त्र सम्बन्धी संस्था भएको स्थानमा त्यस्तो संस्थालाई बुझाइदिने र नभएको स्थानमा वा त्यस्तो संस्थाले नलिएमा स्थानीय गाउँ विकास समिति वा नगरपालिका वा सामाजिक संस्था मार्फत दाहसंस्कार गराइदिनु पर्नेछ ।

तर दुर्घटनामा परी, आत्महत्या गरी वा शंकास्पद स्थितिमा मरेकोमा भने प्रचलित कानून बमोजिम गर्नु पर्ने शव परीक्षण तथा अनुसन्धान तहकिकातको काम पूरा गरेपछि मात्र चिकित्साशास्त्र सम्बन्धी अध्ययन संस्थालाई वुझाई दिनु वा दाहसंस्कार गराउनु पर्नेछ ।

७५. **प्रहरी कार्यालयले डायरी राख्नु पर्नेः** (१) श्री ५ को सरकारले तोके बमोजिम ढाँचाको डायरी राखी त्यसमा सबै उजुरी र आरोप गिरफ्तार भएका सबै मानिसको नाम, उजुर गर्नेको नाम, गिरफ्तार भएका व्यक्ति उपर आरोप लगाइएको अपराध, निजहरुबाट वा अरु किसिमले वरामद भएको सम्पत्ति वा धनमाल र बुझिएका साक्षीहरुको नाम समेतको व्यहोरा खोली चढाई राख्ने हरेक कार्यालयको प्रमुख कर्मचारीको कर्तव्य हुनेछ ।

(२) प्रमुख जिल्ला अधिकारीले उपदफा (१) बमोजिमको डायरी झिकाई जाँच्न सक्नेछ ।

७६. **उजूरी तथा छानबिन समितिः** (१) श्री ५ को सरकारले प्रहरी संगठनका प्रहरी कर्मचारीहरुको सम्बन्धमा परेका उजुरीहरुको छानबिन गर्न प्रहरी सम्वद्ध विविध विषयहरुमा समयानुकूल सुधारको लागि सल्लाह र सुझाव दिन सम्वन्धित विज्ञहरु रहेको एक प्रहरी उजूरी तथा छानबिन समितिको गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - १०

## सजाय र पुनरावेदन

७७. **सजाय**ः उचित र पर्याप्त कारण भएमा प्रहरी कर्मचारीलाई देहाय बमोजिमको विभागीय सजाय गर्न सकिनेछ :-

(क) सामान्य सजाय

(१) नसिहत दिने,

(२) शारीरिक परिश्रम हुने सजाय गर्ने वा गारदमा नजरबन्द राख्ने,

(३) चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने,

(४) बढिमा पाँचवर्ष सम्म बढुवा रोक्का गर्ने,

(५) बढिमा दुई तलब वृद्धि रोक्का गर्ने,

(६) लापरवाहीबाट वा नियम आदेशको पालना नगर्नाले श्री ५ को सरकारलाई हुन गएको नोक्सानी सम्पूर्ण वा आंशिक रुपमा तलब भत्ताबाट कट्टा गरी असुल गर्ने ।

(ख) विशेष सजाय

(१) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने ।

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने ।

७८. **नसिहत दिने**ः प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा वा संतोषजनक काम नगरेमा निजलाई नसिहत दिइनेछ ।

७९. **तलब वृद्धि वा बढुवा रोक्ने**: देहायको कुनै अवस्थामा प्रहरी कर्मचारीलाई पाँच वर्षसम्मको लागि बढुवा वा तलब वृद्धि रोक्का गर्न सकिनेछ –

(क) अनुशासनहीन काम गरेमा,

(ख) आचरण सम्बन्धी नियमहरु उल्लंघन गरेमा,

(ग) नियुक्ति भएको पाँच वर्ष भित्रै नोकरीबाट अलग हुन झुट्टा कारण देखाएमा,

(घ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा,

(ङ) मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैर हाजिर भएमा,

(च) प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारी पूर्वक पूरा नगरेमा,

८०. **सेवाबाट हटाउने वा बर्खास्त गर्ने**: (१) देहायको कुनै अवस्थामा प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछः-

(क) आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेमा,

(ख) आचरण सम्बन्धी कुरा बराबर उल्लंघन गरेमा,

(ग) उर्दीको पोशाक लगाई जथाभावी गरेमा,

(घ) बराबर अनुशासनहीन काम गरेमा,

(ङ) राजनीतिमा भाग लिएमा,

(च) बिदा स्वीकृति नगराई लगातार पन्ध्र दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा,

(छ) आफ्नो पदको जिम्मेवारीको बराबर वेवास्ता गरेमा,

(ज) आफूभन्दा बरिष्ठ कर्मचारीलाई हातपात वा कुटपिट गरेको प्रमाणित भएमा ।

(२) देहायको कुनै अवस्थामा प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्न सकिनेछः-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा

(ख) भ्रष्टाचार गरेको प्रमाणित भएमा

८१. <u>**विभागीय सजाय दिने र पुनरावेदन सुन्ने अधिकारी**</u>: प्रहरी कर्मचारीलाई सजायको आदेश दिने अधिकारी र त्यसरी दिएको सजायको आदेश उपर पुनरावेदन सुन्ने अधिकारी तोकिए बमोजिम हुनेछ ।

८२. <u>**निलम्बन गर्ने**</u>: (१) कुनै प्रहरी कर्मचारीको सम्बन्धमा दफा ८० मा लेखिएको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा जाँचबुझ समाप्त नहुन्जेलसम्म उक्त कर्मचारीलाई सजाय गर्ने अधिकारीले निलम्बन गर्न सक्नेछ ।

तर देहायको अवस्था नभई साधारणतयाः निलम्वन गरिने छैनः-

(क) निलम्बन नगरी ओहदाको काम गर्न दिदां झुट्टा सवुद प्रमाण संकलन गर्न सक्ने वा आफ्नो विरुद्धको सवुद प्रमाण गायब गर्न सक्ने देखिएमा, वा

(ख) निलम्बन नगरी ओहदाको काम गर्न दिदां सरकारी हानी नोक्सानी हुने संभावना देखिएमा ।

(२) उपदफा (१) बमोजिम कुनै प्रहरी कर्मचारीलाई निलम्वन गर्दा ६ महिना भन्दा बढी गर्नु हुँदैन सो अवधि भित्र कर्मचारी उपरको कारवाही किनारा लगाउनु पर्नेछ ।

(३) नैतिक पतन देखिने फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्बन भएको मानिनेछ ।

८३ <u>**निलम्बनको समाप्ति**</u>: कुनै प्रहरी कर्मचारी आफ्नो पदमा पुनः स्थापित भएमा वा दफा ८२ को उपदफा (२) बमोजिमको अवधि पूरा भएमा वा सेवाबाट हटाइएमा वा बर्खास्त गरिएमा निजको निलम्बन समाप्त हुनेछ ।

८४. **सफाइ पेश गर्ने मौका दिनुपर्नेः** (१) विभागीय सजाय दिन पाउने अधिकारीले कुनै प्रहरी कर्मचारीलाई सजाय दिने आदेश दिनु भन्दा अघि कारवाही गर्न लागिएको कारणको उल्लेख गरी सो कर्मचारीलाई उचित म्याद दिई आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सफाई पेश गर्ने मौका दिंदा निज माथि लगाइएको आरोप स्पष्ट रुपले किटिएको र प्रत्येक आरोप कुन कुन कुरा र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ र त्यस्तोमा सम्बन्धित कर्मचारीले पनि म्याद भित्र आफ्नो सफाइ पेश गर्नुपर्नेछ । त्यसरी पेश हुन आएको सफाइलाई सम्बन्धित अधिकारीले गम्भीरतापूर्वक मनन गर्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सफाइको मौका दिनु पर्ने छैनः-

(क) नैतिक पतन देखिने फौज्दारी अभियोगमा कसुरदार ठहर गरी अदालतबाट कैदको सजाय पाएकोमा,

(ख) यस ऐन अन्तरगतको अपराध ठहरी कैदको सजाय पाएकोमा, वा

(ग) भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न संभव नभएको ।

८५. **विशेष सजायको आदेश दिनु भन्दा पहिले सजाय प्रस्ताव गर्नु पर्नेः** विशेष सजायको आदेश दिनु भन्दा पहिले विभागीय सजायको आदेश दिन पाउने अधिकारीले दफा ८४ बमोजिम सफाई पेश गर्न दिइएको म्याद भित्र पेश नगरिएमा वा पेश हुन आएमा सफाई सन्तोषजनक नभएमा त्यस्तो प्रहरी कर्मचारीहरुलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिने भनी त्यस सम्बन्धमा उचित म्याद दिई स्पष्टीकरण माग्नु पर्नेछ ।

८६. **प्रहरी सेवा आयोगको परामर्श लिनु पर्नेः** विभागीय सजायको कारबाहीको सिलसिलामा सम्बन्धित प्रहरी कर्मचारीले दफा ८४ बमोजिम दिएको सफाई सन्तोषजनक नभई त्यस्तो कर्मचारीलाई सजाय गर्नु पर्ने देखिएमा विभागीय सजायको आदेश दिन पाउने अधिकारीले सो कर्मचारीलाई दिन लागिएको सजाय प्रस्ताव गरी प्रहरी सेवा आयोगको परामर्श लिनु पर्नेछ ।

८७. **निर्णयमा असर नपर्ने**: कुनै प्रहरी कर्मचारीको सम्बन्धमा यो ऐन वा यस ऐन अन्तरगत बनेका नियमहरु बमोजिम अख्तियार प्राप्त अधिकारीले गरेको कारवाहीमा तात्विक असर नपर्ने सानो त्रुटीबाट निर्णयमा असर पर्ने छैन ।

८८. **मुद्दा चलाउन बाधा नपर्ने**: कुनै प्रहरीले यो ऐन वा अन्य प्रचलित कानून बमोजिम कसूर ठहरिने अपराध गरेमा त्यस्तो प्रहरीउपर यस परिच्छेद् बमोजिम विभागीय कारबाही वा सजाय भएकै कारणले मात्र यो ऐन वा अन्य प्रचलित कानून बमोजिम निजलाई मुद्दा चलाउन र सजाय गर्नमा बाधा पुऱ्याएको मानिने छैन ।

८९. **सजाय र पुनरावेदन सम्बन्धी अन्य कार्यविधि**: यस परिच्छेदमा उल्लेख भए देखि वाहेक सजाय र पुनरावेदन सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ११

## अपराध र सजाय

९०. **कडा अपराधहरु**: प्रहरी कर्मचारीले देहायको कुनै कसुर गरेमा निजलाई चौध वर्षदेखि जन्म कैद वा तीन वर्षसम्मको तलब बराबरको रकम जरिवाना हुनेछः-

(क) प्रहरी सेवामा सशस्त्र विद्रोह गरेमा वा गराएमा वा विद्रोहमा सरिक भएमा वा सो गर्न गराउन उत्तेजना फैलाएमा वा त्यस्तो गर्न षडयन्त्र वा उद्योग गरेमा,

(ख) विद्रोह हुने ठाउँमा आफू भएकोमा सकभर रोक्न कोशिस नगरेमा वा यस्तो वेलामा देशभक्ति, राजभक्ति वा कर्तव्यरत कुनैपनि व्यक्तिलाई आफ्नो कर्तव्यबाट विचलित गराएमा वा त्यस्तो उद्योग गरेमा,

(ग) विद्रोह गर्ने मनसाय गरेको वा उद्योग भइरहेको थाहा पाई वा त्यस्तो भइरहेको विश्वास गर्नुपर्ने कारण हुँदा हुदै पनि निचमारी उच्च पदाधिकारीहरुलाई यथाशक्य तत्कालै खवर वा सूचना नदिएमा,

(घ) प्रहरी इकाई, गारद, पालो पहरा आदि र आफू साथ वा आफ्नो जिम्मा रहेका हातहतियार, खरखजाना सरकारी धनमाल र कागजातहरु आक्रमणकारीहरुलाई सुम्पी मद्दत गरेमा,

(ङ) आक्रमण वा मुठभेडको समयमा वा सो हुने सम्भावनामा प्रहरी सेवा वा जनतामा जानी जानी झुट्ठा आतंक फैलाएमा वा हरेस खुवाउने वा आतंकित पार्ने नियतले झुट्ठा खतराको खवर फैलाएमा ।

९१. **अन्य कडा अपराधहरुः** प्रहरी कर्मचारीले देहायका कुनैं अपराध गरेमा दशवर्ष सम्म कैद वा दुई वर्षको तलब बराबर सम्मको रकम जरिवाना हुनेछः-

(क) आफ्नो कर्तव्य पालनाको सिलसिलामा श्री ५ को सरकार, श्री ५ को सरकारको काम कारवाही र नेपाल अधिराज्यको सार्वभौमसत्ता वा प्रादेशिक अखण्डता र अक्षुणतामा खलल पर्न सक्ने गरी घृणा, द्वेष वा अवहेलना हुने गरी लेखेर वा वचन वा आकार वा चिन्हद्वारा वा अरु कुनै किसिमबाट कुनै काम कुरा गरे गराएमा वा सो गर्ने उद्योग गरेमा,

(ख) श्री ५ को सरकारको कुनै मित्रराष्ट्र भित्र लुटमार गरेमा वा गर्न तयारी गरेमा, त्यस्तो गर्ने व्यक्तिलाई मद्दत वा सूचना दिएमा वा सो मनसायले त्यस्तो व्यक्तिसंग सम्पर्क राखेमा,

(ग) आफू खटिएर वा आफ्नो जिम्मा रहेको वा कार्यालय माथि आतंककारी समूह, आक्रमणकारी, डाँकू, तस्कर, बदमास र हुलदंगा गर्ने आक्रमण गरेका बखत तिनीहरुसंग मुठभेड हुने आशंकामा नामर्दीसंग भागेमा,

(घ) आफ्नो जिम्मा रहेको सरकारी वा कार्यालयमा जिम्मा रहेको हातहतियार खरखजाना बेचबिखन गरेमा,

(ङ) लुटको खोजीमा हिड्न आफ्नो प्रहरी इकाई, गारद, पालो पहरा, पिकेट टोली पेट्रोल, प्रतिष्ठान वा कार्यालय छाडेमा,

(च) ड्यूटीमा रहेको वा नरहेको भए तापनि माथिल्लो दर्जाको प्रहरी कर्मचारी भनी थाहा पाएपछि वा विश्वास गर्ने कारण छँदाछँदै आपराधिक बल प्रयोग गरेमा वा गर्ने उद्योग गरेमा वा धम्की दिएमा,

(छ) आफ्नो जिम्मामा भएको सरकारी वा प्रहरी इकाईको जिम्मामा रहेको हातहतियार, खरखजाना, समेत तुरुन्त नबुझाएमा वा मनासिब फाँटवारी नदिएमा,

(ज) लुट्ने अभिप्रायले घर वा कुनै ठाउं फोरेमा वा कुनै किसिमबाट धनमाल लुटेमा, हानी नोक्सानी वा क्षति गरेमा,

(झ) कर्तव्य पालना गर्दा कायरता देखाएमा ।

९२. **अरु अपराधहरुः** प्रहरी कर्मचारीहरुले देहायको कुनै अपराध गरेमा पाँच वर्षसम्म कैद वा एक वर्षको तलब बराबर सम्मको रकम जरिवाना हुनेछः-

(क) आफू भन्दा माथिको प्रहरी कर्मचारीले दिएको आदेश उल्लंघन गरेमा,

(ख) प्रहरी सेवाछाडी भागेमा,

(ग) सेन्ट्री भई पालो वसेको अवस्थामा सुतेमा वा नियमित वदली नआई विना ईजाजत पालो छाडेमा,

(घ) नियमित वदली नआई वा विना ईजाजत आफ्नो गारद, पिकेट टोली वा पेट्रोल छाडेमा,

(ङ) सेन्ट्रीलाई कुटेमा वा जवरजस्ती गरेमा वा सो गर्ने उद्योग गरेमा,

(च) गारद, पिकेट, पेट्रोलको कमाण्डमा छंदा रितपूर्वक बुझाएको कैदी वा व्यक्ति वुझ्न इन्कार गरेमा, मनासिव अख्तियारी विना आफ्नो जिम्मामा रहेको कुनै व्यक्ति वा कैदीलाई छाडेमा वा लापरवही गरी त्यस्ता कैदी वा व्यक्तिलाई भाग्न दिएमा,



नेपाल कानून आयोग

(छ) गिरफ्तार वा थुनिएका वखत छाड्न सक्ने अख्तियार पाएकाले नछाड्दै गिरफ्तार भएको वा थुनिएको ठाउं छाडी गएमा,

(ज) आफ्नो कमाण्ड वा जिम्मामा रहेको व्यक्तिहरुको संख्या वा अवस्थाको वा त्यस्ता व्यक्ति वा श्री ५ को सरकार वा प्रहरी वा प्रहरी सेवामा सामेल हुन आएको कसैको रुपिया, हातहतियार, खरखजाना, लुगाफाटो, सरसामान वा अन्य मालसामानको, झुटो फाँटवारी वा प्रतिवेदन जानी जानी पेश गरेमा वा खराव मनसायले वा जानी जानी वात लाग्ने लापरवाहीबाट माथि लेखिएका विषयको फाँटवारी वा प्रतिवेदन गर्न वा पठाउन छुटाएमा वा इन्कार गरेमा,

(झ) राजनैतिक उद्देश्यले संगठन गरिएका सभा, जुलुस वा प्रदर्शनीमा भाग लिएमा, भाषण गरेमा नारा लगाएमा वा वक्तव्य दिएमा,

(ञ) आफ्नो ओहोदाको धाक धम्की दिई कसैलाई अनाहक दुःख र टण्टा दिएमा वा कसैको सम्पत्ती हानी नोक्सानी गरेमा,

(ट) ड्यूटीमा रहेको वा नरहेको भए तापनि माथिल्लो दर्जाको कर्मचारी भनी थाहा पाएपछि वा विश्वास गर्ने कारण छंदाछंदै गाली गलौज गरेमा वा उसको मान मर्यादामा आँच आउने काम गरेमा,

(ठ) झुठ्ठा विवरण पेश गरी वा झुठ्ठा योग्यताको प्रमाण पत्र पेश गरेको अवस्थामा,

(ड) सरुवा वा काज खटिएको ठाउँमा नगएमा वा जान इन्कार गरेमा ।

## परिच्छेद - १२

## प्रहरी विशेष अदालत र पुनरावेदन

९३. **प्रहरी विशेष अदालतको गठनः** (१) परिच्छेद ११ अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्न देहाय बमोजिमका अध्यक्ष र सदस्यहरु रहेको प्रहरी विशेष अदालत गठन गरिनेछः–

(क) पुनरावेदन अदालतको न्यायाधीश भइसकेका वा हुने योग्यता पुगेका व्यक्तिहरु मध्येबाट श्री ५ को सरकारले तोकेको व्यक्ति – अध्यक्ष

(ख) गृह प्रशासनसंग सम्बन्धित भई सरकारी सेवाको कम्तिमा राजपत्रांकित प्रथम श्रेणीको पदबाट अवकाश प्राप्त व्यक्तिहरुमध्येबाट श्री ५ को सरकारले मनोनयन गरेको व्यक्ति– सदस्य

(ग) प्रहरी सेवामा रही कम्तिमा राजपत्रांकित प्रथम श्रेणीको पदमा सेवा गरेको व्यक्ति – सदस्य

(२) उपदफा (१) बमोजिम नियुक्ति भएका अध्यक्ष र सदस्यहरुको पदावधि चार वर्षको हुनेछ।

(३) उपदफा (१) बमोजिम नियुक्ति भएका अध्यक्ष र सदस्यहरुको सुविधा तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिम गठन भएको प्रहरी विशेष अदालतको मुकाम काठमाडौं उपत्यकामारहनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रहरी विशेष अदालतले आवश्यकता अनुसार प्रहरी विशेष अदालतको मुकाम नेपाल अधिराज्यको कुनै पनि स्थानमा तोक्न सक्नेछ।

(६) यस ऐन अन्तर्गत कैदको सजाय हुने कसूर सम्बन्धी मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची– १ मा समावेश भएको मानिनेछ।

९४. **प्रहरी विशेष अदालतको अधिकार क्षेत्र र प्रयोगः** (१) प्रहरी विशेष अदालतको अधिकार क्षेत्रको प्रयोग तीनै जना सदस्यले समूहिक रुपमा गर्नेछन्।

तर एक सदस्य उपस्थित भएको इजलासले मुद्दाको कारबाही र दुई सदस्य उपस्थित भएको इजलासले मुद्दाको कारबाही र किनारा गर्न सक्नेछ।

(२) तीन जना सदस्य उपस्थित भएको इजलासमा तीनै जना सदस्यको एकमत वा दुई जना सदस्यको बहुमत कायम भए सो मत अदालतको निर्णय मानिनेछ।

(३) दुईजना सदस्य उपस्थित भएको इजलासमा एकमत कायम नभए कारबाहीको हकमा अध्यक्ष सहितको इजलास भए अध्यक्षको राय बमोजिम र अध्यक्ष बाहेकको इजलास भए बरिष्ठ सदस्यको राय बमोजिम गर्नुपर्नेछ । मुद्दाको फैसला वा अन्तिम आदेशको हकमा पहिला अनुपस्थित रहने सदस्य समक्ष पेश गरी निजले समर्थन गरेको राय अदालतको निर्णय मानिनेछ ।

(४) उपदफा (३) बमोजिम पहिला अनुपस्थित रहने सदस्य समक्ष पेश गर्दा पनि बहुमत कायम हुन नसकेमा निर्णयको लागि पुनरावेदन अदालत समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम पेश गरेको मुद्दालाई पुनरावेदन अदालतले अग्राधिकार प्रदान गरी सुनवाई गर्नेछ ।

(६) उपदफा (५) बमोजिम पेश हुन आएको मुद्दाको सुनवाई पुनरावेदन अदालतको एक न्यायाधीशको इजलासबाट गरिनेछ र सो इजलासबाट भएको निर्णय नै प्रहरी विशेष अदालतको निर्णय मानिनेछ ।

**९५. <u>प्रहरी विशेष अदालतको अधिकार र कार्यविधिः</u>** (१) प्रहरी विशेष अदालतको अधिकार देहाय बमोजिम हुनेछः–

(क) वादी प्रतिवादीका साक्षीका अतिरिक्त मुद्दासंग सम्बन्धित आवश्यक देखिएका अन्य व्यक्ति वा प्रमाण बुझ्ने,

(ख) म्यादमा हाजिर नहुने प्रतिवादी वा साक्षीलाई वारेण्ट जारी गरी पक्री बयान वा बकपत्र गराउने,

(ग) मुद्दाको कुनै पक्षलाई तारेखमा राखी पुर्पक्ष गर्ने वा आवश्यक परेका बखत झिकाउने वा खास समयमा हाजिर हुन आउने गरी तारेखमा नराखी पुर्पक्ष गर्ने,

(घ) तत्काल प्राप्त प्रमाणबाट कुनै अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नु पर्ने नदेखिएमा निजसंग निजले हानि नोक्सानी गरेको बिगो वा गैरकानूनी रुपमा लिएको रकम र निजलाई हुन सक्ने कैद वा जरिवाना समेतलाई दृष्टिगत गरी धरौटी वा जमानत माग्ने,

(ङ) तत्काल प्राप्त प्रमाणका आधारमा अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नु पर्ने पर्याप्त र मनासिब कारण भएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निजलाई थुनामा राखी पुर्पक्ष गर्ने,

(च) प्रहरी विशेष अदालतको अनुसन्धान गर्ने निकायबाट अनुसन्धानको सिलसिलामा लिएको धरौटी वा जमानतलाई खामेको हदसम्म कायम गर्न सक्ने ।

(२) प्रहरी विशेष अदालतको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

९६. **गिरफ्तारी र हिरासतमा राख्ने**: (१) परिच्छेद ११ अन्तरगतको कुनै कसुरको अभियोग लागेको कुनै प्रहरीलाई निज भन्दा माथिको जुनसुकै दर्जाको प्रहरी अधिकृतको आदेशले गिरफ्तार गरी हिरासतमा राख्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम हिरासतमा राख्नुभन्दा अघि त्यस्तो प्रहरीलाई निःशस्त्र गरिनेछ ।

(३) उपदफा (१) बमोजिम गिरफ्तार गरी हिरासतमा राखिएकोमा त्यसको सूचना याथशक्य चाँडो अभियुक्त कार्यरत रहेको निकायको प्रमुख र प्रहरी महानिरीक्षकलाई दिनुपर्नेछ ।

९७. **मुद्दा किनारा गर्नु पर्ने अवधि**: प्रहरी विशेष अदालतले मुद्दामा साक्षी बुझेको मितिले सामान्यतया नव्बे दिन भित्र मुद्दा किनारा गरिसक्नु पर्नेछ ।

९८. **थुनामा राख्ने र कारागार सम्बन्धी व्यवस्था**: प्रहरी विशेष अदालतको आदेश बमोजिम अभियुक्तलाई मुद्दाको पुर्पक्षको सिलसिलामा थुनामा राख्नु परेमा वा फैसला बमोजिम श्री ५ को सरकारले नेपाल अधिराज्यको जुनसुकै कारागारमा थुनामा राख्न सक्नेछ ।

९९. **पुनरावेदन**: प्रहरी विशेष अदालतको निर्णय वा आदेशउपर सम्बन्धित पुनरावेदन अदालतमा पैंतीस दिनभित्र पुनरावेदन लाग्नेछ ।

१००. **असल नियतले गरेको कामको बचाउ**: प्रहरी कर्मचारीले यो ऐन वा यस ऐन वा अरु प्रचलित कानून बमोजिम गर्नु पर्ने कर्तव्य पालन गर्दा वा अदालतले दिएको आदेश वा जारी गरेको सूचना वा वारेण्ट तामेल गर्दा असल नियतले गरेको कामको विषयलाई लिएर कुनै किसिमको सजायको माग दावी गरिने छैन ।

## परिच्छेद - १३

## विविध

१०१. **प्रहरी कर्मचारीले पाउने विदा**: प्रहरी कर्मचारीहरुले देहायका विदाहरु तोकिए बमोजिम पाउने छन्:–

(क) भैपरी आउने र पर्व विदा

(ख) घर विदा

(ग) विरामी विदा

(घ) प्रसूती विदा

(ङ) क्रिया विदा

(च) अध्ययन विदा

१०२. **अधिकार प्रत्यायोजन**: (१) श्री ५ को सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरु नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको अधिकृत वा प्रहरी कर्मचारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(२) यस ऐन बमोजिम कुनै अधिकारीलाई प्राप्त अधिकार आफ्नो प्राथमिक जिम्मेवारीमा रहने गरी निजले आफू मुनिका प्रहरी कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१०३. **प्रहरी सेवामा पुनः कायम भएपछि पूरा तलब भत्ता पाउने**: कुनै प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा वर्खास्त गर्ने आदेश रद्द भई निज सेवामा पुनः कायम भएमा सेवाबाट हटाइएको वा वर्खास्त गरिएको मिति देखि पुनः कायम भएको मितिसम्मको पूरा तलब भत्ता, तलब वृद्धि पाउने भए तलब वृद्धि समेत निजले हाल पदस्थापन भएको कार्यालयबाट पाउनेछ।

१०४. **बर बुझारथ गर्नु पर्ने**: कुनै पनि प्रहरी कर्मचारीले आफूले बुझाउनु पर्ने नगद जिन्सी वा कागजात तोकिएको म्याद भित्र सम्वन्धित कर्मचारीलाई बुझाई दिनु पर्नेछ र बुझ्नु पर्नेले पनि सोही म्याद भित्र बुझी लिनु पर्नेछ।

१०५. **सेवा परिवर्तमा वन्देज**: प्रहरी सेवाका कुनै पनि तहका प्रहरी कर्मचारीलाई प्रहरी सेवाबाट अन्य कुनै सेवामा वा अन्य कुनै सेवाबाट प्रहरी सेवामा सरुवा वा सेवा परिवर्तन गरिने छैन।

१०६. **प्रहरी कल्याणकारी कोषको स्थापना र संचालन**: (१) प्रहरी कर्मचारी, निजहरुको परिवारको तथा निवृत्त प्रहरी कर्मचारीको कल्याणको लागि एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन्:–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) प्रहरी सेवाका अधिकृत जवानहरुको पारिश्रमिकबाट तोकिए बमोजिम कट्टा गरिएको रकम, तथा

(ग) विदेशी सरकार वा संघ संस्थाबाट अनुदान स्वरुप प्राप्त रकम,

(घ) तोकिए बमोजिम कल्याण कोषको चलअचल सम्पत्तिको लगानी र प्रयोगबाट आर्जित रकम,

(ङ) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि प्रहरी प्रधान कार्यालयले श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) प्रहरी कल्याणकारी कोषमा रहने रकम नेपाल अधिराज्य भित्र कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ र त्यस्तो खाताको संचालन तोकिए बमोजिम हुनेछ ।

(४) प्रहरी कल्याणकारी कोषको रकम तोकिए बमोजिम खर्च गरिनेछ ।

(५) यो ऐन प्रारम्भ हुनु अघि स्थापना भएको प्रहरी कल्याण कोषको चल अचल सम्पत्ति तथा दायित्व यसै दफा बमोजिम स्थापना भएको प्रहरी कल्याणकारी कोषमा सर्नेछ ।

१०७. **प्रहरी कल्याणकारी कोषको लेखा र लेखा परीक्षण**: (१) कल्याणकारी कोषको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) प्रहरी कल्याणकारी कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि प्रहरी कल्याणकारी कोषको हिसाब किताब जाँच्न वा जचाउन सक्नेछ ।

१०८. **अभियोग नलगाइने**: तोकिए बमोजिमको गारद वा अंग रक्षक पाउने अधिकारीको सुरक्षामा खटिएको सुरक्षाकर्मीले त्यस्तो अधिकारीको जिउधनको सुरक्षाको लागि केही गर्दा कुनै घटना घट्न गएमा त्यस्ता सुरक्षाकर्मी माथि कुनै अभियोग लगाइने छैन ।

१०९. **नियम बनाउने र आदेश जारी गर्ने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि श्री ५ को सरकारले प्रहरी सेवामा सामान्य रुपले लागु हुने वा बेग्ला बेग्लै समूहको लागि पृथक् रुपमा लागू हुने गरी नियमहरु बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी श्री ५ को सरकारले देहायका विषयहरुमा नियम बनाउन सक्नेछः-

(क) प्रहरी सेवाको गठन र सेवा, समूह, उपसमूहको विषयमा,

(ख) प्रहरी सेवाको निरीक्षणको व्यवस्था विषयमा,

(ग) प्रहरी सेवालाई आवश्यक साधनस्रोत, हातहतियार, असवाव, पोशाक, राशन र अन्य आवश्यक वस्तुहरुको विवरण र संख्या निर्धारण गर्ने विषयमा,

(घ) प्रहरी सेवाका स्थापना, प्रबन्ध र व्यवस्था गर्ने विषयमा,

(ङ) प्रहरी सेवाको बाँडफाँड, खटनपटन, गतिविधि र स्थानको व्यवस्था गर्ने विषयमा,

(च) सबै दर्जा वा श्रेणीका प्रहरी कर्मचारीहरुको कर्तव्य किटान गर्ने र निजहरुले आ-आफ्नो अधिकार र कर्तव्य पालन गर्ने तरिका र शर्तहरु तोक्ने विषयमा,

(छ) प्रहरी कर्मचारीको सुविधा र कल्याणकारी व्यवस्थाका विषयमा,

(ज) सुराकी भर्ना गर्ने, प्रहरी सुराक लगाउने, खवर जम्मा गर्ने र सो जाहेर गर्ने व्यवस्था मिलाउने विषयमा,

(झ) प्रहरीलाई योग्य वनाउने र निजहरुको कर्तव्यको दुरुपयोग र लापरवाही रोक्ने विषयमा,

(ञ) प्रहरी सेवासंग सम्वन्धित विभिन्न फारामहरु प्रचलनमा ल्याउने विषयमा,

(ट) प्रहरी सेवाका अधिकृत र जवानहरुको आवास स्थान तोक्ने विषयमा,

(ठ) वैदेशिक सेवामा खटाउने विषयमा,

(ड) कल्याणकारी कोषको स्थापना र संचालन सम्बन्धी विषयमा,

(ढ) महानगरीय प्रहरी सम्बन्धी व्यवस्था मिलाउने विषयमा,

(ण) यस ऐनको कार्यान्वयन गर्न आवश्यक पर्ने अन्य आवश्यक विषयमा ।

(३) श्री ५ को सरकारले जारी गरेको नियम र आदेशको अधीनमा रही उपदफा (२) मा लेखिएका विषयहरु बारे प्रहरी महानिरीक्षकले आदेश जारी गर्न सक्नेछ ।

**११०. यस ऐन बमोजिम हुने**: यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**१११. खारेजी र बचाउ**: (१) प्रहरी ऐन, २०१२ खारेज गरिएको छ ।

(२) प्रहरी ऐन, २०१२ बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

नेपाल कानून आयोग